आज मिति २०८० भाद्र २९ गतेका दिन टीकापुर नगरपालिकाका प्रमुख श्री राम लाल डगौरा थारुको अध्यक्षतामा बसेको टीकापुर नगर कार्यपालिकाको बाईसौ (२२/०७९-८४ ) बैठकको उपस्थिती देहाय बमोजिम रहयो ।

| क्रसं | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री रामलाल डगौरा थारु | |
| २ | नगर उप-प्रमुख | श्री खडक बहादुर शाह | |
| ३ | सदस्य | श्री मोहन लुहार (वि.क.) | |
| ४ | सदस्य | श्री दीपक चौधरी | |
| ५ | सदस्य | श्री ऋषि वि.क. | |
| ६ | सदस्य | श्री लालविर चौधरी | |
| ७ | सदस्य | श्री बलविर थारु | |
| ८ | सदस्य | श्री बलिराम चौधरी | |
| ९ | सदस्य | श्री यज्ञ प्रसाद न्यौपाने | |
| १० | सदस्य | श्री दिर्घ बहादुर ठकुल्ला | |
| ११ | सदस्य | श्री लौटन चौधरी | |
| १२ | सदस्य | श्री सरस्वती तिरुवा | |
| १३ | सदस्य | श्री रुपमती ड. थारु | |
| १४ | सदस्य | श्री कैलास पति चोधरी | |
| १५ | सदस्य | श्री राजरानी चौधरी | |
| १६ | सदस्य | श्री लवरी चौधरी | |
| १७ | सदस्य | श्री दिपक बहादुर निशानी | |
| १८ | सदस्य | श्री मन्जु वि.क | |
| १९ | सदस्य | श्री राम बहादुर नगार्जी | |
| | | | |
| १ | सचिव | प्रमुख प्रशासकीय अधिकृत श्री मंगल बहादुर शाही | |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

# टीकापुर नगरपालिका
## २२ औं कार्यपालिका बैठकको निर्णय
### (मिति २०८० भाद्र २९ गते)

**विषय सूची :**

प्रस्ताव नं १ : अघिल्लो कार्यपालिका वैठकको समिक्षा सम्वन्धमा ।

प्रस्ताव नं २ :रकम विनियोजन सम्वन्धमा ।

प्रस्ताव नं.३ : अख्तियारी दिने सम्वन्धमा ।

प्रस्ताव नं ४ : व्यवसाय दर्ता सम्वन्धमा ।

प्रस्ताव नं ५ : निश्सा वितरण सम्वन्धमा ।

**निर्णय :**

**निर्णय नं. १ :** यस नगरपालिकाको यस अघीको कार्यपालिका वैठकमा गरिएका निर्णयहरुको कार्यान्वयनको अवस्था सम्वन्धमा समीक्षा गरियो साथै अघिल्लो कार्यपालिका वैठकमा गरिएका निर्णयहरुको कार्य सम्पादन अवस्था सन्तोषजनक रहेको र देहायका विषयहरुमा निम्नानुसार गर्ने ।

क :-यस नगरपालिकाको आन्तरिक आयका लागि नगरपालिकाको स्वामित्वमा रहेका सपिङ्ग कम्प्लेक्सको सटर कवलको भाडा वक्यौता रहेको तथा सम्झौता नविकरण नभएको सम्वन्धमा आगामी दिनहरुमा भाडालाई नियमित तथा व्यवस्थित गर्नका लागि सहयोग पुगोस भन्ने उद्देश्यका साथ यस नगरपालिकाको सटर कवलहरुको भाडा सँग सम्वन्धित विषयमा अध्ययन गरी तथ्यगत रुपमा प्रतिवेदन पेश गर्ने प्रयोजनका लागि १९ औ कार्यपालिकाको वैठकको निर्णयवाट गठन गरिएको कार्यदलवाट प्राप्त प्रतिवेदनको विषयमा छलफल गरियो र प्रतिवेदनमा उल्लेख गरिएका विषयहरुलाई नियमानुसार व्यवस्थित गर्ने ।

निर्णय नं. २ : क )यस नगरपालिका क्षेत्र भित्र विविध सांस्कृतिक संरक्षण सँग सम्वन्धित कार्यक्रम संचालन गर्नका लागि आर्थिक सहयोगका लागि विभिन्न निकाय /संघ/संस्थावाट अनुरोध भई आएको सम्वन्धमा चालु आ.व. २०८०/०८१ का लागि विभिन्न दिवस, सभा, समारोह, उत्सव र स्थानीय संस्कृति प्रवर्द्धन कार्यक्रम शिर्षकमा विनियोजित बजेटवाट तपसिल वमोजिम रकम विनियोजन गर्ने ।

तपसिल :

| क्र.सं. | कार्यक्रम | सम्वन्धित संघ/संस्थाको | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं. को आयोजनामा गरिने घाँसे मेला, २०८० | ८ नं. वडा कार्यालय | ७५०००। | |
| २ | हरितालिका तीज, २०८० | १ देखि ९ सम्म वडा कार्यालय | १,९५,०००। | प्रतिवडा रु. १५,००० र वडा नं. १ को हकमा रु. ७५००० । |

रामलाल डगौरा थारु
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

२२ औं कार्यपालिकाको बैठकको निर्णय

| | | | | |
|---|---|---|---|---|
| ३ | गणेश उत्सव | श्री साई सेवा समिति, वडा नं. १<br>वडा नं.२ मा आयोजना गरिने<br>वडा नं.६ मा आयोजना गरिने | २५,०००।<br>१५,०००।<br>१५,०००।<br>(जम्मा ५५,०००) | |
| | | जम्मा | ३,२५,०००। | |

ख) आर्थिक स्थितीको अभावमा औषधी उपचारमा समस्या परीरहेको हुँदा आर्थिक सहयोग गरी पाऊँ भनि तपसिल वमोजिमका व्यक्ति/संस्थाका तर्फवाट निवेदन पेश भएको सम्बन्धमा चालु आ.व.२०८०/०८१ का लागि अन्य सामाजिक सहायता शिर्षकमा विनियोजित वजेटवाट तपसिल वमोजिम रकम आर्थिक सहयोग उपलवध गराउने

तपसिल :

| क.सं | सम्वन्धितको नाम थर | विनियोजन गरिएको रकम | कैफियत |
|---|---|---|---|
| १ | पल्ती चौधरी , वडा नं. ६, टीकापुर कैलाली | ५०,०००। | धनगढी स्थित मायामेट्रो अस्पतालमा आई.सी.यू.मा उपचारार्थ |
| २ | पदम वहादुर सिंह, कैलाली | ४०,०००। | निशर्ग अस्पताल, धनगढीमा उपचारार्थ |
| ३ | मनिस चौधरी, वडा नं. ६ टीकापुर नगरपालिका | ५०,०००। | करेन्ट लागि घाईते भएको , नेपालगंज नसिंग होमवाट रिफर गरी लखनउमा उपचारार्थ |
| | जम्मा | १,४०,०००। | |

।

२२औं कार्यपालिकाको बैठकको निर्णय

**निर्णय नं. ३ :** यस टीकापुर नगरपालिका नगर कार्यपालिका कार्यालयका तर्फवाट कूनै पनि अड्डा, अदालतमा कूनै पनि मुद्दाका सम्वन्धमा निवेदन पत्र, फिराद पत्र, प्रतिउत्तरपत्र वा लिखित जवाफ पेश गर्न दर्ता गर्न वा उल्लेखित कार्यका लागि कूनै पनि व्यक्तिलाई अख्तियारी दिन यस नगरपालिका, नगर कार्यपालिका कार्यालयमा कार्यरत कानून अधिकृत श्री केशर वहादुर थापालाई अख्तियारी दिने ।

**निर्णय नं. ४ :** यस नगरपालिका क्षेत्रमा संचालन रही पालिकामा व्यवसाय दर्ता नगरेका तर अन्य निकायमा दर्ता गरेका व्यवसायीहरुको हकमा नियमानुसार दर्ता गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

निर्णय नं. ५ : यस नगरपालिका अन्तर्गत भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको तथ्याकं प्रविष्टी सम्बन्धी कार्य सम्पन्न भएका वडाहरुमा निस्सा वितरण सम्बन्धी कार्य सम्बन्धित वडा मार्फतनै नियमानुसार अगाडि बढाउने ।

रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

२२ औं कार्यपालिकाको बैठकको निर्णय